कार्यपालिका बैठक संख्या :- ७८
बैठक मिति :- २०७७।०१।०४
अध्यक्षता: नगर प्रमुख श्री द्वारिकलाल चौधरी

निर्णय नं. १

यस इटहरी उपमहानगरपालिका वडा नं. १ का वडाध्यक्ष श्री बिष्णुलाल चौधरीको मिति २०७७।०१।०४ गते विहिबारका दिन असमायिक निधन भएको हुँदा निजको परिवारलाई काजक्रिया खर्चका लागि आर्थिक सहयोग वापत रु. ५०,०००। (पचास हजार) उपलब्ध गराउने साथै इटहरी उपमहानगरपालिका वडा नं. १० की दलित महिला सदस्य दुलिया ऋषिदेवको मिति २०७६।१२।२१ गते निधन भएको हुँदा निजको परिवारलाई काजक्रिया खर्च आर्थिक सहयोग वापत आजको १ (एक) दिनको कार्यपालिका बैठक सदस्यहरुको बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २

इटहरी उपमहानगरपालिकाले लक डाउनकै अवधिमा दुईजना जनप्रतिनिधि गुमाउनु परेको छ । वडा नं. १ का वडाध्यक्ष श्री बिष्णुलाल चौधरीको २०७७ साल बैशाख ४ गते विहानको राती साढे १२ बजे ५५ बर्षको उमेरमा र वडा नम्बर १० कि दलित महिला सदस्य दुलारी ऋषिदेवको २०७६ साल चैत्र २१ गते निधन भएको हुँदा उहाँहरुको असामयिक निधनले उपमहानगर मर्माहत र स्तब्ध भएको छ । उहाँहरुको निधनले उपमहानगरलाई अपूरणीय क्षति भएको छ । वडाध्यक्ष चौधरी र वडा सदस्य ऋषिदेव प्रति भावपूर्ण श्रद्धान्जली र शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै उहाँहरुको निधनमा शोक जनाउदै बैशाख ४ गते १ दिन उपमहानगरमा राष्ट्रिय झण्डा एक दिन झुकाउने र बैशाख ४ गते एक दिन उपमहानगर कार्यालय तथा वडा कार्यालयहरुमा शोक विदा दिने निर्णय गरियो ।